मध्यपश्चिम विश्वविद्यालय

# परीक्षा व्यवस्थापन कार्यालय

सुर्खेत, नेपाल

**सत्रान्त परीक्षा -२०८१**

**तह:** बी.एड./चौथो सेमेस्टर

**विषय:** पूर्वीय साहित्य सिद्धान्त (नेपा.शि. ४४४/३४४)

---

रोल नं. .......................

**समूह 'क'**

१०x१ = १०

**सर्वोत्कृष्ट उत्तरमा रेजा (✓) चिन्ह लगाउनुहोस्।**

१. साहित्यमा रीतिका प्रयोक्ता को हुन् ?

(क) आनन्दवर्धन (ख) भामह

(ग) वामन (घ) भरत

२. उत्साह स्थायी भाव हुने रसलाई कुन रस भनिन्छ ?

(क) रौद्र (ख) वीर

(ग) भयानक (घ) हास्य

३. पूर्वीय साहित्यमा वक्रोक्ति प्रणेता कसलाई मानिन्छ ?

(क) वामन (ख) भामह

(ग) आनन्दवर्धन (घ) कुन्तक

४. वाक्य समूहबाट निर्मित घटनाबाट प्रकट गरिने वक्रता कुन वक्रता हो ?

(क) पदपूर्वार्ध वक्रता (ख) पदपरार्ध वक्रता

(ग) प्रकरण वक्रता (घ) प्रवन्ध वक्रता

५. काव्यमा प्रयोग भएका पदमा देखिने दोषलाई कस्तो दोष भनिन्छ ?
ध्वनिसिद्धान्तका प्रतिपादक को हुन् ?

(क) पदांश दोष (ख) पददोष

(ग) वाक्यदोष (घ) अर्थदोष

६. साहित्यमा स्थायीभावलाई उकास्नका लागि सहयोग गर्ने कुन भाव हो ?

(क) स्थायीभाव (ख) अनुभाव

(ग) विभाव (घ) व्यभिचारीभाव

७. श्लेष अलङ्कार कस्तो अलङ्कार हो ?

(क) वर्णको पुनरावृत्ति हुने

(ख) एक शब्दले अनेक अर्थ दिने

(ग) भिन्न अर्थ भएका व्यञ्जनको पुनरावृत्ति

(घ) प्रस्तुतले अप्रस्तुतलाई देखाउने

८. माधुर्य गुणमा हुने विशेषता के हुन् ?

(क) चित्तलाई आल्हादित बनाउने श्रुतिमधुरता (ख) तेज र स्फूर्ति

(ग) सरलता र बोधगम्यता (घ) मूर्धन्य व्यञ्जनको प्रयोग

९. पूर्वीय मान्यतामा काव्यको मुख्य प्रयोजन तलकामध्ये कुन हो ?

(क) रसानुभूति (ख) लोक व्यावहारिक सेवा

(ग) धनार्जन (घ) आनन्दानुभूति

१०. भोजकत्वको अभिव्यक्ति हुने रस उत्पत्ति हुने मान्यता केसँग सम्बन्धित छ ?

(क) अनुमितिवाद (ख) उत्पत्तिवाद

(ग) भुक्तिवाद (घ) अभिव्यक्तिवाद

मध्यपश्चिम विश्वविद्यालय

# परीक्षा व्यवस्थापन कार्यालय

सुर्खेत, नेपाल

**सत्रान्त परीक्षा -२०८१**

तह: बी.एड./चौथो सेमेस्टर — पूर्णाङ्क : ६०

समय : ३ घण्टा — उत्तीर्णाङ्क : ३०

**विषय:** पूर्वीय साहित्य सिद्धान्त (नेपा.शि. ४४४/३४४)

---

*परीक्षार्थीहरूले सकेसम्म मौलिक र आफ्नै शब्दमा प्रश्नहरूको उत्तर दिनुपर्ने छ ।*

**समूह 'ख'** — ६x५ = ३०

**तलका प्रश्नहरूको सङ्क्षिप्त उत्तर लेख्नुहोस् ।**

१. काव्यको परिभाषा दिई साहित्यमा शब्दशक्तिको महत्व र उपयोगिता चर्चा गर्नुहोस् ।

२. साहित्यमा रसका प्रकार उल्लेख गरी रसको उपयोगिता केलाउनुहोस् ।

३. पूर्वीय साहित्यमा अलङ्कारको स्थान र महत्व चर्चा गर्दै शब्दालङ्कारका प्रचलित प्रकारहरू उदाहरणसहित चर्चा गर्नुहोस् ।

**अथवा**

रीति भन्नाले के बुझिन्छ ? पूर्वीय साहित्य सिद्धान्तका आधारमा रीतिका भेदहरू सङ्क्षिप्तमा उल्लेख गर्नुहोस् ।

४. छन्दबद्ध कवितामा गण भन्नाले के बुझिन्छ ? सोदाहरण प्रस्तुत गर्नुहोस् ।

५. साहित्यमा औचित्यवादको परिचय दिई यस सिद्धान्तका प्रमुख स्थापनाको चर्चा गर्नुहोस् ।

६. ध्वनिको परिचय र प्रकार उल्लेख गर्दै साहित्यमा ध्वनिको उपयोगिता चित्रण गर्नुहोस् ।

**अथवा**

अर्थालङ्कारका प्रमुख भेदहरूको परिचय दिनुहोस् ।

**समूह 'ग'** — २x१०= २०

७. वक्रोक्तिका प्रकारहरू उल्लेख गर्दै वक्रोक्तिवादका प्रमुख मान्यता तथा सिद्धान्तको महत्व केलाउनुहोस् ।

८. छन्दको सोदाहरण परिचय दिँई शास्त्रीय, लोक, मुक्त र आगन्तुक छन्दका प्रकारहरू उल्लेख गर्नुहोस् ।

**अथवा**

काव्य गुण भनेको के हो ? साहित्यमा काव्य गुण र काव्य दोषको पहिचान, महत्व र भिन्नता केलाउनुहोस् ।

**समाप्त**